नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**उद्योग विभाग**

त्रिपुरेश्वर, काठमाडौं

# गहुँ आयात गर्नका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मितिः २०८२/०५/१०

भारत सरकारबाट भारतीय कम्पनी National Coorperative Experts Limited(NCEL) मार्फत नेपालले आयात गर्न प्राप्त ४०,००० मेट्रिक टन गहुँ (HS CODE 1001) आयात गर्न खाद्य तथा मैदा उद्योगहरूले तपसिलमा उल्लिखित शर्तको अधीनमा रही सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

शर्तहरू:

१. तोकिएको समयावधीभित्र गहुँ आयात गर्ने सुनिश्चितता गरेका उद्योगीहरूलाई मात्र कोटा वितरण गरिनेछ।
२. यस पूर्व कोटा प्राप्त गरी हालसम्म गहुँ आयात नगर्ने उद्योगीहरूलाई कोटा प्रदान गरिने छैन।
३. उद्योगको Scheme को २५% भन्दा बढी नहुनेगरी प्रदान गरिनेछ। पर्याप्त माग नआएमा सोही अनुसार बाँकी कोटा बाँडफाँड गरिनेछ।
४. प्रचलित कानून बमोजिम उद्योग दर्ता भई सञ्चालनमा रहेको हुनुपर्नेछ।
५. उद्योगको वार्षिक योजना (Scheme) मा कच्चा पदार्थको रूपमा गहुँ प्रयोग गर्ने उल्लेख हुनुपर्नेछ।
६. उद्योगले आफ्नो स्वीकृत वार्षिक योजना (Scheme) अनुसार आयात गर्नुपर्नेछ।
७. आयातका लागि National Coorperative Experts Limited (NCEL), India लाई अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तीय स्रोतको सुनिश्चितता भएको आधार पेश गर्नुपर्नेछ।
८. कोटा प्राप्त भएपछि ३ महिनाभित्र गहुँ आयात गरिसक्नुपर्नेछ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरू:

१. आयात गर्न माग गरेको परिमाण स्पष्ट खुलेको निवेदन।
२. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. आर्थिक वर्ष २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र।
५. उद्योगको स्वीकृत वार्षिक योजना (Scheme)।
६. IEE स्वीकृत गर्नुपर्ने उद्योगको हकमा IEE स्वीकृत भएको पत्र।
७. भारतीय कम्पनी National Coorperative Experts Limited (NCEL), India मार्फत गहुँ आयात गर्ने र अग्रिम भुक्तानी गर्नुपर्ने हुँदा वित्तीय स्रोतको सुनिश्चितता भएको आधार।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
प्रशासन तथा सुविधा शाखा
त्रिपुरेश्वर, काठमाडौं